बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तिमुडा, मोरङ
कोशी प्रदेश नेपाल

**विषय :-आ. व. २०८०।२०८१ को लागि कबाडी मालसामान बिकि बितरण तथा उपयोग कर संकलन र स्थानीय सडक पुर्वाधार सेवा शुल्क संकलन (दैनिक )ठेक्का बन्दोबस्ती सम्बन्धी शिलबन्दी बोलपत्र पेश गर्ने आव्हानको सूचना ।**

**सूचना प्रकाशित मिति २०८०।०१।२५**

**(बिद्युतीय खरिद प्रणाली (e-GP) बाट मात्र)**

आ.व. २०८०।२०८१ को लागि मुख्य राजमार्ग समेत गा.पा.को क्षेत्र भित्रका उद्योग कलकारखाना बाट निस्कने कबाडी मालसामान हरुको बिकि बितरण तथा उपयोगमा लाग्ने कवाडी कर संकलन र स्थानीय सडक पुर्वाधार सेवा शुल्क संकलन (दैनिक ) को लागी देहाय बमोजिमको आन्तरिक आय सम्बन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरि कर शुल्क संकलन गर्नका लागि यस गाउँपालिकाबाट जारी गरिएको तपसिल बमोजीमको बोलपत्र फारम दस्तुर तिरी (फिर्ता नहुनेगरी) खरिद गरी तोकिएको म्याद भित्रमा **बिद्युतीय खरिद प्रणाली (e-GP)** बाट मात्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| सि.नं. | किसिम | कर तथा मर्मत शुल्क संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु.(भ्याट बाहेक) | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| १ | कबाडी मालसामानहरुको बिकी बितरण तथा उपयोगमा लाग्ने कर संकलन | मुख्य राजमार्ग समेत गा.पा.को क्षेत्र भित्रका उद्योग कलकारखानाहरु | ८५,९८,२१०।०० | ३०००।०० |
| २ | स्थानीय सडक पुर्वाधार सेवा शुल्क संकलन (दैनिक ) | मुख्य राजमार्ग बाहेम गा.पा.को क्षेत्र भित्रका सडकहरु | १९,१४,०००।०० | ३०००।०० |

१. बोलपत्र खरिद गर्न इच्छुक व्यवसायी, फर्म कम्पनीहरुले मु.अ.कर. दर्ता प्रमाणपत्रको प्रतिलिपी , आ.व. २०७९।०८० सम्मको फर्म दर्ता नविकरण, आ.व. ०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी साथ मिति २०८०।०२।२४ गते दिनको १२.०० बजे सम्ममा शिलबन्दी बोलपत्रहरु **बिद्युतीय खरिद प्रणाली (e-GP)** PPMO's Website www.bolpatra.gov.np/egp बाट मात्र खरिद गरी दर्ता गरी सक्नुपर्नेछ । तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु सोहि दिन दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गा.पा.का प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने ,दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिन लाई अन्तिम दिन मानिनेछ ।

२. बोलपत्र फारम खरिदको लागी बुढीगंगा गांऊपालिकाको नाममा रहेको एन.आई.सी.एशिया बैक लिमिटेड पुष्पलालचौक शाखा कार्यालय बिराटनगरको आन्तरिक राजस्व खाता न ०६९२०५९५०११७५००२ मा रं बोलपत्रदाताले कबोल अंक (भ्याट सहित) को ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको एन.आई.सी एसिया बैंक लि. पुष्पलालचौक शाखा कार्यालय बिराटनगर मा रहेको धरौटी खाता नं. ६९CA५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचरहरु पिडियफ फरमेटमा स्क्यान गरी वा बोलपत्र पेश गर्ने अन्तिम दिन देखी कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैक वा बित्तिय संस्था बाट बैंक ग्यारेन्टी (बिड बण्ड) पिडियफ फरमेटमा स्क्यान गरी पेश गर्नुपर्ने छ ।

३. प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरु बोलपत्रदाता स्वयंले तिर्नुपर्ने छ । स्विकृत बोलपत्रदाताले कार्यालयमा बुझाउनुपर्ने सम्पूर्ण रकम र कर चुक्ता गरेको प्रमाणपत्र पेश गरेपछी मात्र धरौटी रकम फिर्ता हुने छ । अन्यको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिइनेछ ।

४. शुल्क संकलनको दररेट बोलपत्र फारममा संलग्न गरिएको छ ।

५. आ.व. २०८०।०८१ को लागि कबाडी मालसामान हरुको बिकि बितरण तथा उपयोगमा लाग्ने कर संकलन र स्थानीय सडक पुर्वाधार सेवा शुल्क संकलन (दैनिक ) मिति २०८०।०४।०१ गते देखी मिति २०८१ साल असार मसान्त सम्म हुनेछ ।

६. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी दिईने छैन ।

७. बोलकबोल अंकको रकम सम्झौता गर्ने समयमा एकमुष्ट रकम बुझाएमा १०% छुट दिईनेछ । एकमुष्ट रकम नबुझाएमा छुट दिईनेछैन । बैकमा नगद जम्मा गर्दा एन.आइ.सी.एसिया बैंक लि.मा रहेको यस गाउँपालिकाको आन्तरिक राजस्व खाता न ०६९२०५९५०११७५००२ मा जम्मा गर्नुपर्नेछ र संझौता गर्दाको समयमा ४० प्रतिशत रकम नगदै बुझाउनुपर्नेछ र बांकी ६० प्रतिशत रकम पनि नगदै वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंक वा बित्तिय संस्था बाट मिति २०८१ साउन मसान्त सम्म मान्य अबधि भएको कार्य सम्पादन जमानत पत्र

(परफरमेन्स बण्ड ) अनिबार्य रुपमा पेश गरेपछि मात्र संझौता गरिनेछ । ४० प्रतिशत मात्र रकम जम्मा गरेर कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड ) पेश नगरेमा संझौता गरिनेछैन ।

८.बोलपत्रदाताबाट बोलपत्रमा बोलकबोल रकम अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा सही छाप भएको हुनुपर्ने छ।

९. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कार्रबाही हुनेछैन ।

१०.यस गाउँपालिकाको हितलाई मध्यनजर गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस गाउँपालिकाको कार्यालय हात्तिमुडा मोरङ्गमा आई बुझ्न सकिनेछ । अथवा गा.पा.को website www.budhigangamunmorang.gov.np मा हेर्न सकिने छ ।

१२.कागजका टुकाहरु लाई जम्मा गरी पुनःकागजमै रुपान्तरण गर्ने प्रयोजनको लागी यस गा.पा.स्थित उद्योग बाट अन्यत्र जिल्ला बाहिर लैजादा शुल्क संकलन गर्न पाईनेछैन ।

१३.ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुनुपर्नेछ ।

१४.ठेक्का सम्बन्धि रसिद हरु ठेकेदार आफैले छपाई कार्यालय बाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगराई उठाईएको पाईएमा नियमानुसार कारर्बाही गरिनेछ ।

१५.यस सुचनामा उल्लेख नभएका कुरा हरु स्थानीय सरकार संचालन ऐन २०७४,सार्बजनिक खरिद ऐन २०६३ (संशोधन सहित ), सार्बजनिक खरिद नियमावली २०६४ (संशोधन सहित ) र प्रचलित ऐन कानुन बमोजीम हुनेछ ।

बुढीगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तिमुडा, मोरङ कोशी प्रदेश नेपाल

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत